# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## सूर्मा गाउँपालिका

## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण निर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३५०

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सूर्मा गाउँपालिका,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले सूर्मा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.१ करोड ६३ लाख ९५ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१२ लाख ८१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २५ लाख ३३ हजार र नियमित गर्नुपर्ने रु.२५ लाख ८१ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु.३ करोड ३३ लाख १० हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्योट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.३ करोड ८७ लाख १६ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

सूर्मा गाउँपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | १७ | १६३९५ | ० | ० | ० | ५३ | १७ | १६३९५ | १२८१ | २५८१ | १२५३३ | ० | ० | १५११४ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ३३३१० | ० | १०९८९ | २२३२१ | ० | १६३९५ | ३८७१६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सूर्मा गाउँपालिका, बझाङ , सुर्मा गाउँपालिका , बझाङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मी राज जोशी | २०७७-४-१ | |
| कार्यालय प्रमुख | चक्र प्रसाद जोशी | २०७८-१-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण प्रसाद पाध्या | २०७९-१-१ | |
| लेखा प्रमुख | राजेन्द्र बहादुर खत्री | २०७७-४-१ | २०७८-१२-३० |
| | | **बेरुजु रकम** | १६,३९५,३५३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८३,२०,९०७.०४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १९,६१,१५,०४० | चालु खर्च | १८,१०,८६,५१३ |
| प्रदेश सरकारबाट अनुदान | १,८८,२१,००० | पूँजीगत खर्च | ९,६६,५९,२४८ |
| राजश्व बाँडफाँट | ४,४०,२८,६१०.९७ | वित्तीय/अन्य व्यवस्था | १,७०,९३,१३६.४३ |
| आन्तरिक आय | ५,१४,९५९ | | |
| अन्य आय | ५,९२,६९,२६८.७५ | | |
| कुल आय | ३१,८७,४८,८७८.७२ | कुल खर्च | २९,४८,३८,८९७.४३ |
| बाँकी मौज्दात | | ३,२२,३०,८८८.३६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>

**परिचय-**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले यसपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्धेश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, २८१ वर्ग किलोमिटर क्षेत्रफल तथा करिव ११ हजार जनसंख्या रहेको छ ।

**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने ।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>स्थानीय सञ्चित कोष खाता</td><td>१८६९११८०.११</td><td>३९४८९१७</td><td>१४७४२२६३.११</td></tr>
<tr><td>२</td><td>चालु खाता</td><td>०</td><td>३७७५३२३.६१</td><td>३७७५३२३.६१</td></tr>
<tr><td>३</td><td>पूजिगत खाता</td><td>०</td><td>२३३५४२१७</td><td>२३३५४२१७</td></tr>
<tr><td>४</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>२४२६९१९.२५</td><td>२५१८४२५.२५</td><td>९१५०६</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>

**आन्तरिक नियन्त्रण प्रणाली**

आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

</td><td></td></tr>
</table>

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३ वटा ऐन, ९ कार्यविधि कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईयो।

• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ४ | | | **कानून र सञ्चालन स्थिति** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ३ वटा ऐन, ९ वटा कार्यविधि लगायत १२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ । साथै पालिकाले १२ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गराई उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ । | |
| ५ | | | **कार्य संचालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |
| ६ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष थप भएको १५ गरी कूल १७ विवाद दर्ता भएकोमा १४ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ७ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ३९ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ८६ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | २१ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २० |
| ५ | ५० लाख भन्दा माथीका | २ |
| | जम्मा | १६६ |

८

**बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री समिता कुमारी वोहोरा पुजारा ले २०७७।३।१० गते रु २९ करोड ६० लाख ०५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।६।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

९

**चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | अषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| चालु खर्च | १५०२४६ | ३७८५५ | ३५३५९ | ७७०३२ | ५०२२० |
| पूजिगत खर्च | ९४३६० | ० | २४९२० | ६९४४० | ४९१४१ |
| कूल खर्च: | २४४६०६ | ३७८५५ | ६०२७९ | १४६४७२ | ९९३६२ |
| खर्च प्रतिशत | १०० | १५.४८ | २४.६५ | ५९.८८ | ४०.६२ |

१०

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।(रु हजारमा)

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २३८१९ | २१४५७ | ८.७७ |
| सामाजिक क्षेत्र | १३४५६६ | १२५०३८ | ५१.११ |
| पूर्वाधार विकास क्षेत्र | ६१८८८ | ४२४३२ | १७.३५ |
| संस्थागत विकास र सेवा प्रवाह र सुशासन | ८०९० | ४७४४ | १.९४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ६७६४२ | ५०९३५ | २०.८३ |
| जम्मा | २६६००५ | २४४६२४ | |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कुल खर्च मध्ये सबैभन्दा बढी सामाजक विकासमा ५१.११ प्रतिशत र सबै भन्दा घटी सँस्थागत विकास सेवा प्रवाह र सुशासनमा १.९४ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण

| | | | | |
|---|---|---|---|---|
| | | | गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यन्वयन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ । | |
| ११ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु १२७२९५० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।कन्टिन्जेन्सी कट्टी गर्दा नियमानुसार कट्टी गर्नुपर्दछ। | |
| १२ | | | **कर्मचारी व्यवस्थापन**<br>कार्यलयको स्वीकृत २५ दरवन्दिमा ८ दरवन्दि स्थायि पदपूर्ति भई प्रशासकिय अधिकृत लेखा अधिकृत तथा प्रशासन अधिकृत सहितको १७ दरवन्दि खालि रहेको छ।उक्त खालि रहेको दरवन्दिमा कार्यालयले ४ सव ईन्जिनियर तथा १ अ सव ईन्जिनियर करारमा राखि कार्यसञ्चालन गरेको छ। स्वीकृत दरवन्दी वमोजिमको पदपूर्ति यथासम्भव छिटो गर्नुपर्ने देखिन्छ। | |
| १३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ५१ जना कर्मचारीहरु करारमा राखी रु १ करोड ६५ लाख ७५ हजार खर्च लेखेको छ । | |
| १४ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले हालसम्म पनि कल्याणकोष गठन गरि रकम जम्मा गर्ने गरेको देखिएन। | |
| १५ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिकाबाट संचालित सेवा प्रवाहमा वडा कार्यालयको महत्वपुर्ण भूमिका रहेको हुन्छ । यस पालिका अन्तर्गत ५ वडा कार्यालयमा ५ वडा सचिवको दरबन्दी रहेकोमा २ वडा सचिवको पदपूर्ति भई ३ पद रिक्त रहेको अवस्थामा समयमानै पदपूर्ति हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हुने भएकोले समयमै कर्मचारी व्यवस्थापन हुनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | छैन |
| पञ्जिकरण तर्फ | |
| जन्मदर्ता | १५२१ |
| मृत्युदर्ता | ८१ |
| बसाईसराई दर्ता | १८ |
| विवाह दर्ता | ८६ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| प'र्वाधार विकास सडक निर्माण | |
| ग्राभेल सडक मर्मत | ४ कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

१८

**पदाधिकारी सुविधा**

सुदुर पश्चिम प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा समवन्धी ऐन २०७५ को दफा ३ मा उल्लेखित ऐनको अनुसूचि १क तथा १ङ वमोजिमको यस स्थानिय निकायका २७ पदाधिकारीहरुले वार्षिक रु ६६ लाख २९ हजार खर्च गरेको छ।

१९

**खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु ७ लाख ८९ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२०

**आर्थिक सहायता**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष ३७ जनलाई रु ७ लाख ४० हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २१ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न २७ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू.१ करोड ९लाख ६५ हजार विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमाकूल पालिकाको पुँजिगत बजेटको ११.३४ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्वन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | |
| २२ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गरेको छ। | |
| २३ | | | | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १११६१५०४० | ९५९१७७१५.५७ | १५६९७३२४.४३ |
| | विषेश | ११०००००० | ११०००००० | |
| **प्रदेश सरकार** | शसर्त | ४८१४००० | ४७७५६४१ | ३८३५९ |
| | विषेश | ७०००००० | ६९८६०७८ | १३९२२ |
| | समपुरक | ११७५१००० | १०२४६२९२ | १५०४७०८ |
| | **जम्मा** | **१४६१८००४०** | **१२८९२५७२६.५७** | **१७२५४३१३.४३** |

२४

**अनुगमन प्रतिवेदन**

विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को वुँदा न ११ मा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरी सँञ्चालन भए नभएको सम्वन्धमा स्थानिय तहले अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसै गरि समपुरक अनुदानबाट सञ्चालित योजनाहरुको अनुगमन समितिले प्रतिवेदन तयार गरी सम्वन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवसथा रहेको छ। कार्यालयले यस्तो प्रतिवेदन तयार पारी सम्वन्धित निकायमा पेश गरेको देखिएन।

| स्रोत | योजना सँख्या | कूल खर्च रु |
|---|---|---|
| सँघ विशेष अनुदान | | ११०००००० |
| प्रदेश समपुरक अनुदान | | १०२४६२९२ |

२५

**प्रदेश समपुरक अनुदान**

प्रदेश समपुरक अनुदान तर्फपालिकाले यो वर्ष प्रदेश सरकारबाट ५०/५० को मिश्रित अनुपातमा कार्यान्वयन हुने गरी रू. ११७५१०००। अनुदानको रुपमा प्राप्त भएकोमा रु १०२४६२९३ खर्च भएको छ। सोखर्चको ५० प्रतिशतले हुने अंस रू. ५१२३१४६.५० कटाई बाकी रकम प्रदेश संचित कोषमा फिर्ता हुनु पर्ने रु

५,१२३,१४६.५

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **औधोगिक ग्राम**<br>औधोगिक ग्राम स्थापनका लागि कार्यालयले रु ९२०००००।प्राप्त गरेकोमा उक्त रकम विशेष कोष खडा गरी राखेको छ। कार्यालयले औधोगिक ग्राम निर्माणका लागि कुनै कार्य प्रगति गरेको देखिएन। | |
| २७ | | | **प्रमाण कागजात**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने, त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने र नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने र नियमावलीको नियम ८५ १(ख) मा एउटै फर्मबाट रु ५ लाख भन्दा बढीको खरिद गर्न नहुने ब्यवस्था रहेको छ । कार्यालयले विभिन्न मितिमा एउटै फर्मबाट पटक पटक गरी रु. ७८००००।- को सीमेन्ट र एचडिपीइ  पाइप खरिद गरि भुक्तानी गरेको र सोको लागत अनुमान, नापी किताव, प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त खरिद कार्य अनियमित देखिएको रु.<br><table><tr><td>गो.भौ.नं.</td><td>फर्मको नाम</td><td>सामग्री</td><td>रकम</td></tr><tr><td>९१।०७७।११।२४</td><td>पवित्रा हार्डवेयर एण्ड सप्लायर्स</td><td>सिमेन्ट पाइप खरिद</td><td>३०००००</td></tr><tr><td>१६४।०७८।३।२२</td><td>पवित्रा हार्डवेयर एण्ड सप्लायर्स</td><td>सिमेन्ट र एचडिपिइ पाइप</td><td>१८००००</td></tr><tr><td colspan="3">जम्मा</td><td>४८००००</td></tr></table> | ४८०,००० |
| २८ | | | **जटिलसंरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४४।०७८।३।१८ | छडी गौंडा मोटरपुल निर्माण उपभोक्ता समिति | मोटरपुल | ३३५२००० |

२९

**सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तीय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.५५८६०० खर्च गरेका छन् । संघीय सरकारको निर्देशन पालना हुनु पर्दछ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | १ | ३५२६०० |
| २ | स्कुटर | १ | ३०६००० |
| जम्मा | | | ५५८६०० |

३०

**प्राविधिक स्पेशिफिकेशन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष खरिद गरेका उपर्युक्तमाल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन रउपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरीक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषत भए नभएको एकिन गर्न सकिएन ।आवश्यक गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी हुनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३१ | १८० | २०७८-३-२६ | **कर विजक**<br>दइकुम्ला गजौन कालथुम सडक निर्माण कार्यको उपभोक्ता समितिलाई रु. २८८००००।– भुक्तानी गरेकोमा सो कार्य एक्साभेटर मेशिनबाट काम गराई रु. ७६५२००।– भुक्तानी गरेकोमा सादा भरपाईबाट भुक्तानी भएकोमा पूरै करविजकबाट भुक्तानी गर्नुपर्ने देखिएको रु | ७६५,२०० |
| ३२ | | | **बिमा**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दशलाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री पालिकाले औजार कामदार आदिको त्रुटी सच्याउने दायित्व कभर गर्ने गरी विमा गराउनु पर्ने व्यवस्था छ ।पालिकाले दशलाख भन्दा बढीको निर्माण कार्यको लागत अनुमान तयार गर्दा विमाको व्यवस्था गरेको देखिएन । कार्यालयले १० लाख भन्दा बढीको निर्माण कार्यको सम्भावित क्षेतीबाट हुन सक्ने नोक्सानीबाट जोगिन बिमा गराई नियमको पालना गर्नुपर्दछ । | |
| ३३ | ६१ | २०७७-११-५ | **प्रमाण कागजात**<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ गाउंपालिकाका विभिन्न वडाहरुमा जाली ढुवानी गरेको भनी कन्टेन्जेन्सीबाट रु. ७८०००।– खर्च लेखेकोमा उक्त जालीको जिन्सी आम्दानी, खरिद बिल, जाली प्रयोग भएको प्राविधिक प्रतिवेदन पेश नभएकोले उक्त प्रमाण बेगर खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु. | ७८,००० |
| ३४ | | | **ठेक्का फाइल**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(२) मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति उपनियम २ मा उल्लेखित कागजातहरु राखी छुट्टै फाइल खडा गरी राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले विभिन्न ठेक्का सम्झौता गरेकोमा सोको खरीद कारबाहीको छुट्टै फाइल खडा गरी व्यवस्थित अभिलेख राखेको पाइएन । अत कार्यालयले हरेक खरिद कार्वाहीको छुट्टै फाइल खडा गरी अभिलेख व्यवस्थित राख्नु पर्दछ । | |
| ३५ | | | **निर्माण कार्यको ड्रइङ डिजाइन**<br>सार्वजनिक खरिद ऐन, २०६३ को नियम दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गर्नुपर्ने र दफा ५क मा लागत अनुमान र नक्सा, डिजाइन तथा स्पेसिफिकेशन स्विकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका कार्यहरुको नक्सा डिजाइन स्वीकृत गराएको देखिएन र सो सम्वन्धी प्रमाण लेखापरीक्षणमा पेश नगरकोले उक्त निर्माण कार्यहरुको सम्वन्धमा विश्वस्त हुन सक्ने आधार देखिएन ।अत: नियम अनुसार नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गरी स्वीकृत गराउनु पर्दछ । | |
| ३६ | | | **धरौटी फिर्ता** | ७१३,८२३ |

<table>
<tr><td></td><td></td><td></td><td>कार्यालयले निम्नानुसार धरौटी फिर्ता गरेकोमा प्राविधिकको सिफारिश तथा धरौटी राखेको रसिदको प्रमाण पेश नभएकोले धरौटी फिर्ता गरेको नियमसम्मत नदेखिएको रु.<br><table><tr><td>सि.नं</td><td>फर्मको नाम</td><td>रकम</td></tr><tr><td>५।०७८।२।१८</td><td>पोगरजोडी निर्माण सेवा</td><td>271754</td></tr><tr><td>४।०७८।२।३</td><td>सुर्मा सरोवर निर्माण सेवा</td><td>442069</td></tr><tr><td colspan="2">जम्मा</td><td>७१३८२३</td></tr></table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ६३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ७ करोड ५६लाख ६७ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ९ करोड ६६ लाख ५९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>वढी भुक्तानी</td><td>१५३,२८६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>आधा वगर मा वि भवन निर्माणको लागत अनुमान आईटम न ६ काठको चौकट रु ४४२०० र आईटम न ७ को प्यानलका लागि काठको रु १०९०८६ राखि रु १९ ७०८२०।लागत अनुमान तयार गरेको छ । उक्त उपभोक्ता समितिको भवन निर्माणको काठ खरिद विल , रसिद पूर्जि वा काठ प्राप्तिको वस्तुगत आधार विना नै काठको कार्यसमेत पुरा भएको भनि कार्यसम्पन्न तयार गरि रकम भुक्तानी भएको छ। काठ खरिद तथा प्राप्ति विल रसिद पेश हुनुप रु</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>अनुदान प्रयोगको विवरण<br>कार्यालयले विद्यालयहरुलाई निम्न गो भौ मार्फत एकमुष्ट रुपमा विभिन्न अनुदानका रुपमा रकमहरु उपलव्ध गराएको देखिन्छ।यसरी दिएका अनुदान रकमहरु खर्च प्रगति विवरण पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ</th><th>कार्यक्रम विवरण</th><th>निकासा रकम रु</th></tr>
<tr><td>८।२०७७।७।२१</td><td>विद्यालयहरुलाई पि सि एफ अनुदान</td><td>२९५५०००</td></tr>
<tr><td>६३।२०७७।११।४</td><td>विद्यालयहरुलाई पि सि एफ अनुदान</td><td>२८०२०००</td></tr>
<tr><td>१६०।२०७८।३।८</td><td>आधावगर मा वि प्राविधिक शिक्षा सञ्चालन अनुदान</td><td>१५०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७२५७०००</td></tr>
</table></td><td>७,२५७,०००</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>आयकर<br>आयकर ऐन २०५८ को दफा ८७ र आर्थिक ऐन २०७७ वमोजिम पारिश्रमिक आयमा जुन वर्षमा आय प्राप्त हुन्छ सोही वर्ष ऐनको व्यवस्था वमोजिम तोकिएको पारिश्रमिक कट्टा गर्नुपर्ने वयवस्था रहेको छ। गाउपालिकाका पदाधिकारीहरुलाई यस वर्षा २०७६ साल कार्तिक देखि २०७८ साल असार सम्मको स्थानिय पदाधिकारी सेवामा उल्लेखित सुविधा वापतको रकम एकमुष्ट भुक्तानी भएको छ। गाउपालकाका देहायका पदाधिकारीको सुविधा वापतको रकममा वार्षिक छुट कटाई वाकी रहेको रकममा पहिलो १ लाखमा १०%, दोस्रो २ लाखमा २०% तथा सो भन्दा माथि ३० % का दरले हुने पारिश्रमिक कर असूल हुनुपर्ने रु</td><td>१३०,७००</td></tr>
</table>

| पद/नाम | वार्षिक आय रु | वार्षिक छुट रकम स्थानिय छुट सहित रु | कर योग्य आय रु | कर रकम रु |
|---|---|---|---|---|
| अध्यक्ष नर वहादुर वोहोरा | ९१३५०० | ५००००० | ४१३५०० | ७५९५० |
| उपाध्यक्ष समिता कुमारी पूजारा | ७८७५०० | ५००००० | २८७५०० | ४७५०० |
| वडा अध्यक्ष पुस्कल व वोहोरा | ५१४५०० | ५००००० | १४५०० | १४५० |
| वडा अध्यक्ष खडक व वोहोरा | ५१४५०० | ५००००० | १४५०० | १४५० |
| वडा अध्यक्ष मदन कामी | ५१४५०० | ५००००० | ६४५०० | १४५० |
| वडा अध्यक्ष पूर्ण वोहोरा | ५१४५०० | ५००००० | ६४५०० | १४५० |
| वडा अध्यक्ष टोप वोहोरा | ५१४५०० | ५००००० | ६४५०० | १४५० |
| जम्मा | | | | १३०७०० |

| | | | | |
|---|---|---|---|---|
| ४२ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी १३१ रहेकोमा २१ स्थायी पदपूर्ति तथा १०१ दरवन्दी अस्थायी तथा करारमा राखी कार्यसञ्चालन भएको छ साथै उक्त विद्यालयहरुमा ४८०० विद्यार्थीको संख्या रहेको देखिन्छ । अधिकाँश दरवन्दी खाली रहेकोले दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |
| ४३ | | | **असुल हुनुपर्ने**<br>प्रदेश आर्थिका कार्यविधि नियमावली २०७६ को दफा ३७.३ मा खर्च गर्दा विलभरपाई सहितको लेखा स्पष्ट रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले गो भौ ८७।२०७८।१।१७ बाट गोप्यमान कृषक समुहलाई २३ वाख्रा वितरण कार्यक्रम वापतको रकम रु २७४५००। भुक्तानी भएको छ। वाख्रा खरिद गरेको विल तथा वाख्रा प्राप्तिको एकिन आधार विना नै भुक्तानी भएको नियम विपरितको उक्त रकम सम्वन्धित बाट असूल दाखिला हुनु पर्ने रु | २७४,५०० |
| ४४ | | | **असुल हुनुपर्ने** | ३००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रदेश आर्थिका कार्यविधि नियमावली २०७६ को दफा ३७.३ मा खर्च गर्दा विलभरपाई सहितको लेखा स्पष्ट रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले गो भौ१२५।२०७८।३।१८ बाट धौलदेव कृषक समुहलाई २४ वाख्रा वितरण कार्यक्रम वापतको रकम रु ३०००००। भुक्तानी भएको छ। वाख्रा खरिद गरेको विल तथा वाख्रा प्राप्तिको एकिन आधार विना नै भुक्तानी भएको नियम विपरितको उक्त रकम सम्वन्धित बाट असूल दाखिला हुनु पर्ने रु | |
| ४५ | | | **वितरित भरपाईको आधिकारिकता**<br>प्रदेश आर्थिक कार्यविधी नियमावली २०७६ को दफा मा स्वीकृत वजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु व्यवस्था छ। कार्यालयबाट सञ्चालित कार्यक्रममा सञ्चालन भएका वितरण भरपाईमा मिती समेत खुल्दैन , केहिमा सँख्या किटान नभएको ,केहिमा हस्ताक्षर नै नरहेको समेत पाईयो।साथै सवै भरपाईहरु सादा पानामा तथा गाउपालिकाले वडा र केन्द्रमा तोकेका कर्मचारीले प्रमाणित गरेको समेत पाईएन। वितरण गरिएका अनुदानका कार्यक्रमबाट खरिद भएका सामानहरु वुझाउदा पहिचान स्पष्ट खुल्ने किसिमका विलभरपाई तयार गरी सो लाई आधिकारिक व्यक्तिबाट प्रमाणित भई आएपछि मात्र यस्ता अनुदान भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ। | |

| गो भौ/मिती | कार्यक्रमको नाम | कार्यक्रम खर्च रु |
|---|---|---|
| ५०।२०७७।११।४ | शिद्दार्थ फलफूल उत्पादन कृषक समूहमा आलु विउ वितरण | ८४९०० |
| ७३।२०७७।१२।१२ | सिम्पादेवि कृषक समूहमा आलु विउ वितरण | ९८००० |
| ११६।२०७८।३।२ | गैरीगाउ वाख्रापालन समुहमा आलु विउवितरण १३ क्विन्टल | १०४००० |
| १४०।२०७८।३।२२ | स्याउ पकेट विकास कार्यक्रम ३००० वोट वितरण | २३१००० |
| १६४।२०७८।३।२४ | सिलाई मेशिन वितरण ३४ वटा | ५०७४४४.३ |
| १६७।२०७८।३।२६ | आयुष वहुउद्देश्यीय कृषि तथा पशुपँक्षि फर्मलाई ८ वाख्रा वितरण | १८६००० |
| १६८।२०७८।३।२६ | लोकल कुखुरा चल्ला वितरण(१० हप्ते) ४१२ पिस | ११९४८० |
| जम्मा | | १३३०८२४.३ |

| | | | | |
|---|---|---|---|---|
| ४६ | | | **गाडी भाडा**<br>गाउपालकाका पदाधिकारी तथा कर्मचारीहरुले भ्रमण आदेश वमोजिम गाडी भाडा वापतको रकम भुक्तानी भएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ। | |

| गो भौ ।मिती | विवरण | रकम रु |
|---|---|---|
| २४।२०७७।९।२ | कर्मचारी अनुगमन | २०००० |
| २७।२०७७।९।३ | पदाधिकारी | ४६००० |
| २८।२०७७।९।३ | गाडी भाडा | ३१००० |
| ३२।२०७७।९।८ | सासु वितरणका लागि | १६००० |
| ४४।२०७७।९।२१ | पदाधिकारी अनुगमन | ५७००० |
| ६४।२०७७।११।२५ | जनप्रतिनिधि | १२००० |
| ११९।२०७८।१।२० | कर्मचारी अनुगमन | २७००० |

४७

**सोझै खरिद**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमीत हुने गरी खरिद गर्न नहुने उल्लेख छ।यस पालिकाले देहाए बमोजिमको सामाग्री खरिद गर्दा ऐनको व्यवस्था विपरित पटक पटक एकै प्रकारका समाग्री टुक्रापारी फरक फरक फर्म सँग एकै मितिमा खरिद कार्य गरेकाले उक्त कार्य नियम सम्मत नदेखिएको

| गो भौ।मिती | विवरण | रकम रु |
|---|---|---|
| ३९।२०७७।९।१६ | मसलन्द सामाग्री/प्रिन्स फोटो ग्यालेरी | ५६९६६ |
| ६०।२०७७।१०।२६ | मसलन्द सामग्री/व्यास व्रदर्श पसल | ३६८०० |
| १३७।२०७८।२।६ | मसलन्द सामाग्री/दुर्गा जनरल स्टोर | ७८६०४३ |
| १६६।२०७८।३।९ | मसलन्द सामाग्री/प्रिन्स फोटो ग्यालेरी | ५५३२० |
| १९०।२०७८।३।२९ | मसलन्द सामाग्री/व्यासि नौलो पसल | ९८९२३५ |
| जम्मा | | १९२४३६४ |

| | | | | |
|---|---|---|---|---|
| ४८ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ५७ लाख ५७ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ४९ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु २६ लाख का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| ४९.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु २६ लाख का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |

| | | | | |
|---|---|---|---|---|
| | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । | |
| ४९.२ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | |
| ४९.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ४९.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ४९.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा ३२ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २६२ जनालाई रोजगारी उपलव्ध गराई रु १करोड २५ लाख ६४ हजार खर्च गरेको छ । लक्षित वर्गलाई ७६ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराएको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ५१ | | | **बढी दरमा भुक्तानी** | ३७६,४७३ |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना सञ्चालन गर्दा देहाएका योजनामा दररेटमा फरक पारी बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असूल गरि सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| गो भौ नं मिति | योजनाको नाम | काम | Quantity | दर | भुक्तानी रकम | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ९१।२०७८।१।१७ | धनिधारा विछडा सडक ग्राभेल | e/w foundation including leveling BMS | १३५ m3 | ८२२.०३ | ११०९७४.०५ | ४०९.०३ | ५४९३२.९७ |
| ८२।२०७७।१२।२४ | हानाखोला खानेपानी मुहान तटबन्ध संरक्षण | e/w foundation for fundation gabin | १२०m3 | १०३४ | १२४०८० | २११.९७ | २५४३६.४ |
| ५२।२०७७।११।४ | लामाखोला खानेपानी योजना निर्माण | Refilling of pipe line | ४२१.२m3 | २८३.२५ | ११९३०४.५ | १५४ | ६४८६४.८ |
| ३६।२०७८।३।२५ | दोगढी खानेपानी लाइन | Refilling of pipe line | १४५.८ m3 | २८३.२५ | ४१२९७.८५ | १५४ | २२४५३.२ |
| ३३।२०७८।३।२२ | तल्लोबिसाउन खानेपानी | Refilling of pipe line | ३०२.७५m3 | २८३.२५ | ८५८५३.५३ | १५४ | ४६६२३.५ |
| ९१।२०७८।१।१७ | सैनागाउँ पाइपलाईन खोदान | Refilling of pipe line | १०५३m3 | २८३.२५ | २९८२६२.२५ | १५४ | १६२१६२ |
| जम्मा | | | | | ७७९७७२.१८ | | ३७६४७३ |

५२

**वैठक भत्ता**

प्रदेश आर्थिका कार्यविधि नियमावली २०७६ को दफा ३७.२ मा सम्वन्धित वजेट खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई सोही वमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले प्राविधिक सहायक पदपूर्ति समितीले एकै दिन कार्यालय समयमा पारी ५ वैठकको भत्ता वापत रु ३०००० गो भौ ८६। २०७७।१२।८ बाट भुक्तानी गरेको देखिन्छ ।यसरी नियम विपरित भुक्तानी भएको रकम रु ३००००। मा १५ प्रतिशत कर कट्टी पछि हुने रकम रु २६५००। सम्वन्धित बाट असूल दाखिला हुनुपर्ने रु

२६,५००

| | | | | |
|---|---|---|---|---|
| ५३ | | | **असुल हुनुपर्ने**<br>प्रदेश आर्थिका कार्यविधि नियमावली २०७६ को दफा ३७.३ मा खर्च गर्दा विलभरपाई सहितको लेखा स्पष्ट रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले गो भौ १२७।२०७८।१।३१ बाट वाल सँञ्जाल अभिमुखिकरण तथा वालमैत्री शासन कार्यक्रम सँञ्चालन वापत रु ७०००००।भुक्तानी भएको छ। उक्त कार्यक्रम सञ्चालनको खर्च विवरण प्रमाण रु ५५१२००। मात्र पेश भएको देखिन्छ। खर्च प्रमाण वेगरको भुक्तानी भएको रकम कार्यक्रम सञ्चालक बाट असूल दाखिला हुनुपर्ने रु | १४८,८०० |
| ५४ | | | **अनियमित खर्च**<br>प्रदेश आर्थिका कार्यविधि नियमावली २०७६ को दफा ३७.२ मा सम्वन्धित वजेट खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई सोही वमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले उन्नत जातको ८ वटा वोका खरिद वापत गो भौ १८५।२०७८।३।२६ बाट रु १४४००० भुक्तानी गरेको छ। उक्त वोका कुन प्रयोजनका लागि किन खरिद गरेको हो सोको यथार्त प्रमाण वेगरको खर्च नियम सम्मत नदेखिएको रु | १४४,००० |
| ५५ | | | **अनियमित खर्च**<br>प्रदेश आर्थिका कार्यविधि नियमावली २०७६ को दफा ३७.२ मा सम्वन्धित वजेट खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई सोही वमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले ईटा व्यवसाय महिला समुहका नाममा मेशिन जडान वापतको खर्च भनि गो भौ १८७।२०७८।३।२६ बाट रु४०००००। भुक्तानी गरेको छ। उक्त रकम प्रयोजनका लागि किन उक्त समूहलाई दिएको हो र कुन सामान खरिद गरेको हो सोको यथार्त प्रमाण वेगरको खर्च नियम सम्मत नदेखिएको रु | ४००,००० |
| ५६ | | | **बैठक भत्ता भुक्तानी**<br>स्टाफ नर्स समितिको बैठकको माइन्यूट हेर्दा श्री उमेश बोहोरालाई उपस्थिति नरहेकोमा निजलाई ७ वटा बैठकको प्रतिबैठकको रु १५०० का दरले रु १०५००। भुक्तानी गरेको छ । बैठकमा उपस्थित वेगरको बैठक भत्ता भुक्तानी गर्न नमिल्ने भएकोले निजलाई भुक्तानी गरेको रकम न कर पछिको रकम असूल हुनुपर्ने रु | ८,९२५ |
| ५७ | | | **प्रमाण/आधार वेगरको खर्च**<br>प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले बझाङ्ग साइपाल मिडिया प्रा लि लाई कोरोना भाइरसको जनचेतना जगाउन सन्देश सार्वजनिक गरेको भनी रु १५०००। भुक्तानी गरेकोमा उक्त मिडियाले उपलब्ध गराएको सि डि परीक्षण गर्दा खाली रहेको पाइएकोले उक्त रकम सम्वन्धितबाट असूल गर्नुपर्ने रु | १५,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५८ | | | **सामाजिक सुरक्षातर्फ**<br>कार्यालयले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु २५७४७४८०। प्राप्त गरेकोमा रु २५५३१७७२। खर्च भई वाकी रकम रु २१५७०८। सँघिय सञ्चित कोष फिर्ता गरेको छ। | |
| ५९ | | | **समिति गठन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको छ ।ऐनमा तोकिएबमोजिम समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ६० | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गराउनु पर्दछ । | |
| ६१ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६२ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ । | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६३ | | | **कोभिड–१९ तर्फ**<br>आ.व. २०७७।७८ को असाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | | राहत वितरण | |
| स्थानीय तहको आफ्नै वजेटवाट | ४३४९५५४ | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ४९७०३५ |
| संघीय कोभिड कोषवाट | | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ९८०७८३ |
| प्रदेश कोभिड कोषवाट | | आइसोलेसन केन्द्र निर्माण | २७३४९८ |
| अन्य स्रोतबाट | | खोप कार्यक्रम खर्च | ३६५४०० |
| | | जोखिम भत्ता | |
| | | प्रशासनिक खर्च | ६०१२९२ |
| | | अन्य खर्च | ६६४६२७ |
| | | वाँकी | |
| जम्मा | ४३४९५५४ | | ३३८२६३५ |

| | | | | |
|---|---|---|---|---|
| ६४ | | | **धरौटी सम्वन्धमा**<br>गत वर्षको मौज्दात रु १५१४६९९ ,यो वर्षको धरौटी आय १०५७८८९ सहित जम्मा रु २५७२५८८ रहेकोमा रु ८३८८२३ धरौटी फिर्ता भई रु १७३३७६५ मौज्दात वाकी रहेको देखिन्छ। | |
| ६५ | | | **पेश्की बाकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की | |

| | | | | |
|---|---|---|---|---|
| | | | फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ । | |

| पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| युनिक मोसन युवा समाज | सिलाईकटाई तालिम | १५०००० | |

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजू**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फस्यौंट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फस्यौंट नभएकोले नियमानुसार फस्यौंट हुनु पर्दछ । | |
| ६७ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ३३३१० | १०९८९ | २२३२१ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।


https://nams.oag.gov.np

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | सम्परीक्षण |
|---|---|---|---|---|---|
| १ | २०७६।७७ | ९७ | वढी भुक्तानी भएको रु १८०९३.४१ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | १८०९३.४१ |
| २ | २०७६।७७ | ९८ | वढी भुक्तानी भएको रु २२६४४.७० | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | २२६४४.७० |
| ३ | २०७६।७७ | ५६ | वढी भुक्तानी भएको रु ८०००७ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | ८०००७ |
| ४ | २०७६।७७ | ५८ | वढी भुक्तानी भएको रु २५२३५१ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | २५२३५१ |
| ५ | २०७६।७७ | ५९ | वढी भुक्तानी भएको रु १२४७०८ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | १२४७०८ |
| ६ | २०७६।७७ | ६२ | वढी भुक्तानी भएको रु २४११००.४७ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | २४११००.४७ |
| ७ | २०७६।७७ | ६३ | विल वेरको भुक्तानी भएको रु २८३१४ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | २८३१४ |
| ८ | २०७६।७७ | ६८ | वढी भुक्तानी भएको रु ६४८०४ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | ६४८०४ |
| ९ | २०७६।७७ | ७० | वढी भुक्तानी भएको रु ८८६१५ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | ८८६१५ |
| १० | २०७६।७७ | ११४ | सञ्चित कोष दाखिला हुनुपर्ने रु ४१३३७ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | ४१३३७ |
| ११ | २०७६।७७ | ६१ | वढी भुक्तानी भएको रु ३२२४२ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | ३२२४२ |
| १२ | २०७६।७७ | ८६ | ग्रेड वढी भुक्तानी भएको रु ५६१६ | वेरुजु दाखिला प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकोले | ५६१६ |
| | | | | | |



https://nams.oag.gov.np

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १३ | २०७६।७७ | ७८ | वढी भुक्तानी भएको रु १९०४८ | वेरुजु दाखिला प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकोले | १९०४८ | |
| | | | | १४ | २०७४।७५ | १७ | प्रमाण पेश नभएको रु ७४१७५० | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | ७४१७५० | |
| | | | | १५ | २०७४।७५ | १४ | वातावरण प्रभाव मूलयाँकन विनाको खर्च रु ९२२९००० | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | ९२२९००० | |
| | | | | | | | | | १०९८९३६०.५८ | |

| | | | | |
|---|---|---|---|---|
| ६९ | | | बेरुजु अद्यावधिक<br>यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ(रु हजारमा) | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ३३३१० | १०९८९ | १६३९५ | ० | ३८७१६ |